# कांक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक



कांक्रेविहार राष्ट्रिय दैनिक






वर्ष : २६ | अंक : २७ | बुधवार, २८ असोज, २०८३ | Wednesday, 14 Oct 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


## कर्णालीका १० वटै जिल्लामा अल्लो प्रशोधन उद्योग स्थापना गर्ने लक्ष्य



कांँक्रेविहार संवाददाता
सुर्खेत, २७ असोज

कर्णाली प्रदेश सरकारका प्रवक्ता समेत रहेकी उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री कल्याणी खड्काले मंगलबार पत्रकार सम्मेलनको आयोजना गरिन्। भदौ ११ गते नेपाली कम्युनिस्ट पार्टीका तर्फबाट मन्त्री नियुक्त भएकी उनले सुरुमा आफ्ना योजना सुनाउलिन् भन्ने अपेक्षा पत्रकारले गरेका थिए। तर सुरुमा मन्त्रालयका सचिवले यसअघि मन्त्रालयबाट भए, गरेका दैनिक क्रियाकलापको विवरण प्रस्तुत गरे ।

पत्रकारले यो त विगतमा भए गरेका नियमित कामकाजको विवरण भए, नयाँ मन्त्रीको नयाँ योजना चाहिँ के हो ? भनेर प्रश्न गरे। उनले सकेसम्म कर्णालीका १० वटै जिल्लामा १/१ वटा अल्लो प्रशोधन उद्योग खोल्ने चाहना आफ्नो रहेको बताइन् । करिब ३ घण्टा पत्रकारसँग छलफलमा क्रममा उनले भनिन्, 'मैले आज धेरै तपाईंहरूसँग प्रतिबद्धता गर्नेछैन । मेरो सोच कर्णालीको स्रोतसाधनलाई कसरी प्रयोग गर्ने भन्ने नै हो ।'वन मन्त्रालय पनि भएकाले प्रदेशभित्रका स्रोतसाधनलाई कसरी प्रयोग गर्ने भन्नेतर्फ आफ्नो सोच गएको उनले बताइन् ।

'सकेसम्म बाँकी पृष्ठ ३

# दशैंमा तिब्बती च्याग्रा अभाव, सुर्खेतमा बजार धान्दै भेडा र खसी

चाँदनी कठायत
सुर्खेत, २७ असोज

तिब्बतबाट च्याङ्ग्रा आउन छाडेपछि कर्णालीका हिमाली जिल्लामा यस वर्ष दशैंका लागि च्याङ्ग्राको अभाव देखिएको छ । स्थानीय उत्पादनले बजारको माग धान्न नसक्दा च्याङ्ग्रा खोज्न व्यापारीलाई कठिन भएको छ । यसको असर हिमाली जिल्लाका बजारसँगै प्रदेश राजधानी वीरेन्द्रनगर र नेपालगन्जजस्ता सहरमा समेत परेको छ ।

जुम्लाको तातोपानी गाउँपालिकाका भीमचन्द्र बुढा झन्डै एक सय भेडा लिएर सुर्खेतको वीरेन्द्रनगरमा बिक्रीका लागि आएका छन् । विगतमा भेडासँगै च्याङ्ग्रा पनि ल्याउने गरेका उनी यस वर्ष भने च्याङ्ग्रा नपाएपछि भेडा मात्रै लिएर आएका हुन् । 'यता माग धेरै छ, दुई महिनादेखि खोजे पनि पखोरजस्तो च्याङ्ग्रा पाइएन, त्यसैले भेडा मात्रै ल्याएर आएँ,' बुढाले भने ।

दशकदेखि भेडा र च्याङ्ग्राको व्यापार गर्दै आएका बुढाले गत वर्ष सुर्खेतमा ५० वटा च्याङ्ग्रा र करिब दुई सय भेडा बिक्री गरेका थिए । यस वर्ष वीरेन्द्रनगरमा च्याङ्ग्रा फाट्टफुट्ट मात्रै देखिने गरेको उनले बताए । डोल्पाका माथिल्लो भेगका शे-फोक्सुण्डो, छार्कताङसोङ र डोल्पोबुद्ध गाउँपालिकाका केही व्यापारी भने च्याङ्ग्रा करिब १७ दिन पैदल हिँडाएर पोखरा पुऱ्याउँदै छन् । सुर्खेत र नेपालगन्ज लैजाँदा बाटोमा समस्या भएपछि उनीहरूले मुस्ताङ हुँदै पोखरा पुऱ्याउने विकल्प रोजेका हुन् । 'सुर्खेत, नेपालगन्ज लैजाँदा बाटोको समस्या भयो । चार-पाँच रात छार्कताङसोङका खर्कमा बास बसाउँदै मुस्ताङको बाटो भएर केही च्याङ्ग्रा पोखरा पठाएका छौं,' स्थानीय व्यापारी शिवानन्द गिरीले भने, 'डोल्पा, मुस्ताङ र जोमसोम हुँदै हिँडाएर पोखरा पुऱ्याउँदा १७ दिनसम्म लाग्छ ।'



### भेडा र खसीबोकाले धान्दै दशैंको बजार

च्याङ्ग्रा नपाएपछि मुगुका व्यापारी तिलक रावत भेडा मात्रै लिएर वीरेन्द्रनगर आएका छन् । उनका अनुसार पाँच वर्षअघिसम्म मुगुको नाक्चेनाङ्ला नाकाबाट दशैंका बेला तिब्बतबाट वार्षिक १० देखि १५ हजार च्याङ्ग्रा भित्रिने गर्थे । यस वर्ष उनले बिक्रीका लागि झन्डै एक सय भेडा ल्याएका छन् । 'हिमाली जिल्लामा खसीबोका पालन खासै हुँदैन, त्यसैले च्याङ्ग्राको माग धान्नै सकिएको छैन,' रावतले भने, 'खसीबोकाभन्दा च्याङ्ग्राको मासु मिठो र स्वादिलो हुन्छ, तर यसपालि गाउँगाउँ घुम्दा पनि च्याङ्ग्रा पाइएन ।'

गत वर्ष उनले करिब एक सय च्याङ्ग्रा र तीन सय भेडा बिक्री गरेका थिए । उनका अनुसार सुर्खेतमा जिउँदो च्याङ्ग्रा प्रतिकिलो एक हजार रुपैयाँ र जिउँदो भेडा प्रतिकिलो ६ सय रुपैयाँमा बिक्री भइरहेको छ । मुगुको मुगुमकार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङक्याप्ने लामाले यस वर्ष च्याङ्ग्रा किन्न तिब्बत पुगेका केही व्यापारी महँगो मूल्यका कारण रित्तै फर्किनुपरेको बताए । उनका अनुसार कोरोना महामारीअघि १० देखि १५ हजार रुपैयाँमा पाइने च्याङ्ग्राको मूल्य अहिले तिब्बती बजारमै ३० हजार रुपैयाँभन्दा माथि पुगेको छ । 'कोरोना महामारीअघि नाक्चेनाङ्ला नाकाबाट च्याङ्ग्रा मुगु भित्रिने गर्थे,' लामाले भने, ' अहिले चीनमै च्याङ्ग्राको मूल्य बढेको छ । त्यहाँ २० हजार रुपैयाँभन्दा कममा च्याङ्ग्रा पाइँदैन । यहाँ ल्याएपछि घाटामा बेच्नुपर्ने अवस्था आउने भएकाले व्यापारीले ल्याउन छाडेका छन् ।'

हुम्लामा पनि तिब्बतबाट च्याङ्ग्रा ल्याउने क्रम घटेको छ । स्थानीय बजारमा जिल्लामै उत्पादित च्याङ्ग्रा २० देखि २५ हजार रुपैयाँसम्ममा किनबेच भइरहेको व्यवसायी बताउँछन् । तर, पर्याप्त च्याङ्ग्रा नहुँदा दशैंमा मागअनुसार बाँकी पृष्ठ ४

नेपाल-चीन सीमावर्ती मरिम्ला नाकाबाट विगतमा च्याङ्ग्रा भित्रिने गरे पनि पछिल्ला पाँच वर्षदेखि तिब्बती च्याङ्ग्राको नियमित आपूर्ति रोकिएको व्यापारी बताउँछन् । केही किसानले तिब्बतबाट पाठापाठी ल्याएर हुर्काएका च्याङ्ग्रा दशैंमा बिक्री गर्दै आएका छन् । तर, मागको तुलनामा स्थानीय उत्पादन कम हुँदा बजारमा पुऱ्याउनै कठिन भएको उनीहरुको भनाइ छ ।

च्याङ्ग्रा अभावको अर्को कारण ढुवानी पनि बनेको छ । हिमपात र पहिरोले बाटो बिग्रँदा माथिल्लो डोल्पाबाट सदरमुकाम दुनैसम्म च्याङ्ग्रा पुऱ्याउनसमेत समस्या हुने गरेको छ । यही कारण केही व्यापारीले पोखराको बजार रोज्न थालेका छन् । व्यापारी छेवाङ लामाका अनुसार स्थानीयले तिब्बतबाट पाँचदेखि आठ हजार रुपैयाँमा पाठापाठी ल्याएर हुर्काउने गरेका थिए । तर, तिब्बतबाट च्याङ्ग्रा आउन छाडेपछि स्थानीयस्तरमा पालिएका च्याङ्ग्रा पनि कम भएका छन् । 'तिब्बतबाट हुर्किसकेको च्याङ्ग्रा नै आएको भए सजिलो हुन्थ्यो,' लामाले भने, 'उताबाट आउन छाडेपछि यहाँ पालेका च्याङ्ग्रा कम भए । बजारमा पठाउन सकिएको छैन ।'

उनका अनुसार स्थानीयसँग च्याङ्ग्रा २५ देखि ३५ हजार रुपैयाँसम्ममा खरिद गरिन्छ । पोखरामा प्रतिच्याङ्ग्रा ४० देखि ५० हजार रुपैयाँसम्ममा बिक्री गर्ने गरी पठाउने गरिएको छ । ढुवानी, बाटोको कठिनाइ र लामो समय लाग्ने भएकाले व्यापारमा जोखिम पनि बढेको उनले बताए ।

# अपांगता भएकाहरूको पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड

कांँक्रेविहार संवाददाता
सुर्खेत, २७ असोज

नेत्रहीन युवा संघ नेपालले कर्णाली प्रदेश सरकारलाई अपांगता भएकाहरुको समावेशी रुपमा वृहत पहुँच पुग्नेगरि काम गर्न सिफारिस गरेको छ । संस्थाले मंगलबार सुर्खेतमा आयोजना गरेको 'अपांगता भएका बालबालिकाको बाल अधिकार' सम्बन्धि प्रदेशस्तरीय नीति संवादका क्रममा अपांगतामैत्री बालअधिकारसम्बन्धि कानुन निर्माण, बाल अधिकार समन्वय संयन्त्र, तथ्याङ्क व्यवस्थापन, न्युनतम समावेशी शिक्षा मापदण्ड तय गर्ने लगायतका अपांगता भएका क्षेत्रका लागि काम गर्न प्रदेश सरकारलाई सिफारिस गरेको हो ।



संस्थाले बाल संरक्षण प्रणालीलाई हरेक बालबालिकाका लागि प्रयोगयोग्य बनाउन प्रदेश सरकारलाई आग्रह गरेको छ । अपांगता भएका बालबालिकाका लागि कर्णालीमा पुनर्स्थापना तथा प्रारम्भिक हस्तक्षेप मार्ग तय सरकारले गर्नुपर्नेमा संस्थाले जोड दिएको छ । प्रदेश सरकारले आफ्नो प्रदेशभित्र अपांगता भएकाहरुका लागि समुदायमा आधारित पुनर्स्थापना र प्रारम्भिक सहयोग सेवा विकास गर्नुपर्ने, स्वास्थ्य शिक्षा, बाल संरक्षण र सामाजिक सुरक्षालाई जोड्ने स्पष्ट प्रोटोकल स्थापना गर्नुपर्ने, सांकेतिक भाषाका दोभाषे, ब्रेल, सहायक तथा वैकल्पिक सञ्चार र पहुँचयुक्त सूचनाका लागि प्रदेशस्तरीय रणनीति एवम् संरचना निर्माण गर्नुपर्ने, बाल परामर्श र प्रदेश योजना प्रक्रियाका लागि पहुँचयुक्त सहभागिता मापदण्ड विकास गर्नुपर्ने, विद्यालय, छात्रावास तथा बाल सेवा केन्द्रहरुमा अपांगतामैत्री संरक्षण र पहुँचयोग्य मापदण्ड अनिवार्य गर्नुपर्ने लगायतका सुझाव संस्थाले दिएको छ ।

संस्थाका अनुसार कर्णालीमा १.९ प्रतिशत बालबालिकामा अपांगता रहेको अध्ययनले देखाएको छ । प्रदेशको कुल जनसंख्यामध्ये ३.१ प्रतिशत मानिसमा अपांगता रहेको देखिएको छ । प्रदेशका कुल घरधुरीमध्ये १२.१ प्रशित घरधुरीमा अपांगता भएका सदस्य रहेको अध्ययनले देखाएको छ । सबैभन्दा गम्भिर अपांगता भएका सदस्य भएका घरधुरीमध्ये ७५.५ प्रतिशत घरधुरी गरिबीको रेखामुनि रहेका छन् । कर्णालीमा कुल अपांगता बाँकी पृष्ठ २


## मितव्ययी रुपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

*चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# खाद्य सुरक्षामा जनशक्ति अभावको जोखिम

खाद्य सुरक्षा नागरिकको स्वास्थ्य र जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो । नागरिकले बजारबाट खरिद गर्ने खाद्यवस्तु स्वच्छ, सुरक्षित र गुणस्तरीय छन् भन्ने सुनिश्चित गर्नु राज्यको आधारभूत दायित्व हो । तर कर्णाली प्रदेशका सात जिल्लाको खाद्य स्वच्छता तथा गुणस्तर नियन्त्रणको जिम्मेवारी पाएको कार्यालय सीमित जनशक्तिका भरमा सञ्चालन हुनु गम्भीर चिन्ताको विषय हो । खाद्य सुरक्षाजस्तो संवेदनशील क्षेत्रमा देखिएको यो कमजोरीले उपभोक्ताको स्वास्थ्यमा जोखिम बढाउन सक्छ ।खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुर्खेतमा २१ स्वीकृत दरबन्दीमध्ये आठ पद रिक्त छन् । खाद्य अनुसन्धान अधिकृत, प्राविधिक सहायक, सहायक पोषण अधिकृत र केमिस्टजस्ता प्राविधिक पद खाली रहँदा बजार अनुगमन, प्रयोगशाला परीक्षण तथा खाद्य उद्योगको नियमन प्रभावकारी बनाउन कठिन हुनु स्वाभाविक हो । सुर्खेतसहित सल्यान, दैलेख, रुकुम पश्चिम, डोल्पा, जाजरकोट र हुम्लामा सेवा पुर्‍याउनुपर्ने कार्यालयलाई पर्याप्त जनशक्ति, उपकरण र स्रोतसाधन उपलब्ध गराउनु आवश्यक छ ।

चाडपर्वका बेला बजारमा खाद्यवस्तुको कारोबार बढ्छ । यही समयमा म्याद गुज्रिएका, मिसावटयुक्त तथा गुणस्तरहीन सामग्री बिक्री हुने जोखिम पनि बढ्न सक्छ । अनुगमनका क्रममा अखाद्य सामग्री नष्ट गर्नु सकारात्मक कदम भए पनि त्यतिले मात्रै समस्या समाधान हुँदैन । बजार अनुगमन नियमित, निष्पक्ष र परिणाममुखी हुनुपर्छ । दोषी व्यवसायीलाई कानुनअनुसार कारबाही गर्ने र उपभोक्तालाई सचेत बनाउने कार्य सँगसँगै अघि बढाउनुपर्छ । यसका लागि प्रदेश सरकारले रिक्त दरबन्दी तत्काल पूर्ति गर्ने पहल गर्नुपर्छ । आवश्यक जनशक्ति व्यवस्थापनसँगै प्रयोगशालाको क्षमता वृद्धि, दुर्गम जिल्लामा अनुगमनका लागि पर्याप्त बजेट र स्थानीय तहसँग प्रभावकारी समन्वय आवश्यक छ। खाद्य व्यवसाय सञ्चालन गर्नुअघि व्यवसायीलाई खाद्य स्वच्छता र गुणस्तरसम्बन्धी अभिमुखीकरण दिने व्यवस्था पनि प्रभावकारी हुन सक्छ ।

खाद्य सुरक्षा कुनै निश्चित कार्यालयको मात्र जिम्मेवारी होइन । सरकार, व्यवसायी, स्थानीय तह र उपभोक्ता सबैको साझा दायित्व हो । तर जिम्मेवारी बाँडफाँटको नाममा राज्य आफ्नो मुख्य दायित्वबाट पन्छिन मिल्दैन । नागरिकको थालमा पुग्ने खाना सुरक्षित बनाउनु विकासको आधारभूत सर्त हो । त्यसैले खाद्य सुरक्षालाई औपचारिक प्रतिबद्धतामा सीमित नराखी पर्याप्त जनशक्ति, नियमित अनुगमन र कडा नियमनमार्फत व्यवहारमा उतार्नुपर्छ । नागरिकको स्वास्थ्यसँग जोडिएको विषयमा ढिलाइ र लापरबाही स्वीकार्य हुन सक्दैन । यसका साथै खाद्य सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्न पनि उत्तिकै आवश्यक छ । उपभोक्ताले खाद्यवस्तु खरिद गर्दा उत्पादन मिति, उपभोग्य मिति, लेबल, मूल्य र गुणस्तरमा ध्यान दिनुपर्छ । शंकास्पद वा गुणस्तरहीन खाद्यवस्तु बिक्री भएको पाइएमा सम्बन्धित निकायमा उजुरी गर्ने वातावरण बनाउनुपर्छ । सुरक्षित खाद्यवस्तु उपभोग गर्नु नागरिकको अधिकार हो भने त्यसको सुनिश्चितता गर्नु राज्यको अनिवार्य दायित्व हो ।

# मादक पदार्थ प्रयोगकर्ताहरूलाई पत्र



✍ प्रा. डा. ऋषिकेश नारायण श्रेष्ठ

प्रिय प्रयोगकर्ताज्यूहरू,

नेपालीहरूको महान् चाडहरू बडा दसैं, नेपाल संवत्, तिहार र छठ पर्व हाम्रा घर-आँगनमा भित्रिसकेका छन् । यी पर्वहरूले विशेष धार्मिक, सांस्कृतिक र सामाजिक महत्त्व बोकेका हुन्छन् ।

यस अवसरमा ठुलाबडाबाट आशीर्वाद लिने, रमाइलो गर्ने, खुसी साटासाट गर्ने, आफन्त भेट्ने, मीठो-मसिनो खाने, राम्रो पहिरन लगाउने र चङ्गा उडाउने हाम्रो परम्परा र संस्कार छ ।

तर, यो समयमा धेरैजसो जमघटमा रमाइलोका नाममा रक्सी (अल्कोहोल) को प्रयोग गर्ने तथा जुवा-तास र लङ्गुर-बुर्जा खेल्ने चलन पनि बढेको पाइन्छ । चाडपर्वमा क्षणिक रमाइलोका लागि पिइने रक्सी बिस्तारै दैनिक बानीमा परिणत हुन सक्छ । त्यसैले यस विषयमा सुरुमै सचेत हुन आवश्यक छ । अर्कातिर, विशेषगरी रमाइलो गर्ने नाममा अत्यधिक रक्सी सेवन गर्दा हुने दुर्घटनाको जोखिम र स्वास्थ्यमा पर्ने गम्भीर असरलाई बेवास्ता गर्नु हुँदैन ।

रक्सीले मस्तिष्कको प्रतिक्रिया दिने क्षमता (Reaction time) र दृष्टिको सन्तुलन बिग्राइदिन्छ । अलिकति रक्सी पिएपछि पनि 'म गाडी चलाउन सक्छु' भन्ने गलत आत्मविश्वास पैदा हुन्छ, जसले गर्दा तीव्र गति र अनियन्त्रित सवारीका कारण भयानक सडक दुर्घटनाहरू हुने गर्छन् ।

रमाइलो गर्ने बहानामा अत्यधिक रक्सी सेवन गर्दा धेरै परिवारको खुसी क्षणभरमै आँसुमा परिणत भएका अनेकौं दर्दनाक उदाहरणहरू छन् । अघिल्लो दिनसम्म हाँसीखुसी परिवारसँग बसेको मानिस भोलिपल्ट मृत भेटिने वा गम्भीर दुर्घटनामा पर्ने घटनाहरू चाडपर्वका बेला निरन्तर दोहोरिइरहन्छन् ।

छोटो समयमा धेरै मात्रामा रक्सी पिउँदा रगतमा अल्कोहलको मात्रा घातक (Lethal) विन्दुमा पुग्छ । यसले श्वासप्रश्वास र मुटुको धड्कन नियन्त्रण गर्ने मस्तिष्कको भागलाई नै निष्क्रिय पारिदिन्छ, जसले गर्दा मानिसको सुतेकै ठाउँमा ज्यान जान सक्छ । अत्यधिक मात्तिएको मानिसले बान्ता गर्दा त्यो बान्ता फोक्सोमा पसेर निसासिएर तत्कालै ज्यान जाने जोखिम पनि रहन्छ ।

चाडपर्वमा पाइने अस्वस्थकर वा अवैध रक्सीलाई कडा बनाउने नाममा मेथानोल (Methanol) जस्ता घातक रसायन मिसिएको हुन सक्छ । यसले आँखाको ज्योति गुम्ने, कलेजो र मिर्गौला फेल हुने तथा ज्यान जाने जोखिम हुन्छ । त्यसैगरी पहिले नै उच्च रक्तचाप, मधुमेह, वा कलेजो/मुटुको समस्या भएका व्यक्तिहरूले एक्कासि धेरै रक्सी पिउँदा हार्ट अट्याक (Heart Attack) वा ब्रेन स्ट्रोक (Brain Stroke) भएर अकालमा ज्यान जान सक्छ ।

रक्सीले मस्तिष्कको आवेग नियन्त्रण गर्ने भागलाई सुस्त बनाउने भएकाले सामान्य भनाभन उग्र बनेर कुटाकुट वा हत्यासम्म पुग्छ । साथै मात्तिएर भीर वा छतबाट लड्ने र पोखरीमा डुब्ने दुर्घटनाहरू पनि घट्न सक्छन् ।

त्यसैले, अत्यधिक रक्सी सेवन गर्दा यसले हाम्रो शरीर र मस्तिष्कमा कस्तो असर पार्छ भन्ने बुझ्न र यसबिना पनि कसरी रमाइलो गर्न सकिन्छ भन्ने सोच्न अति आवश्यक छ ।

हामी रक्सी पिउँदा किन सुरुमा खुसी र फुरुङ्ग हुन्छौं, तर पछि किन नियन्त्रण गुमाउँछौं? यस पछाडि रक्सीको रसायन (केमिस्ट्री) र हाम्रो शरीरको आफ्नै 'ह्याप्पी हर्मोन' (Happy Hormones) बीचको रोचक खेल छ ।

हामीले पिउने रक्सीमा मुख्य रूपमा इथानोल (Ethanol) नाम गरेको रासायनिक यौगिक हुन्छ (रासायनिक सूत्रः C_2H_5OH_ । इथानोल पानी र बोसो दुवैमा सजिलै घुलिने भएकाले यसलाई पचाइहन खानाजस्तो लामो समय लाग्दैन । यो पेट र सानो आन्द्राबाट सिधै रगतमा सोसिन्छ र केही मिनेटभित्रै सम्पूर्ण शरीर र मस्तिष्कसम्म पुग्छ ।

अर्कोतर्फ, हाम्रो मस्तिष्कले मुड राम्रो बनाउन, खुसी महसुस गराउन र तनाव कम गर्न केही खास रसायनहरू उत्पादन गर्छ, जसलाई हामी 'ह्याप्पी हर्मोन' भन्छौं । डोपामाइन (Dopamine) ले हामीलाई आनन्द र उत्साह महसुस गराउँछ, सेरोटोनिन (Serotonin) ले मुड स्थिर राख्छ, इन्डोर्फिन (Endorphins) ले प्राकृतिक रूपमा दुखाइ र तनाव घटाउँछ भने गाबा (GABA) ले मस्तिष्कलाई शान्त बनाउने काम गर्छ ।

जब रक्सी शरीरभित्र छिर्छ, यसले मस्तिष्कका यिनै न्यूरोट्रान्समिटरहरूसँग खेल्न थाल्छ । सुरुमा यसले मस्तिष्कमा डोपामाइन र इन्डोर्फिनको मात्रा एक्कासि बढाइदिन्छ । त्यसैले पहिलो वा दोस्रो पेग खाँदा मानिसलाई एकदमै खुसी, आनन्दित र तनावमुक्त महसुस हुन्छ । तर, बिस्तारै यसले शान्त पार्ने रसायन GABA को असरलाई बढाइदिन्छ र उत्तेजित पार्ने ग्लुटामेट (Glutamate) लाई रोकिदिन्छ । यसले गर्दा मस्तिष्कको सोच्ने, निर्णय लिने र प्रतिक्रिया दिने क्षमता सुस्त हुन्छ ।

अत्यधिक सेवन गर्दा बोली र शरीरको सन्तुलन बिग्रन्छ भने मस्तिष्कको 'सेरिबेलम' मा असर पर्दा हिँडाइ लरबराउँछ । सही र गलत छुट्याउने क्षमता कमजोर हुनाले चाडपर्वको जमघटमा झैंझगडा वा दुर्घटनाको जोखिम बढ्छ । साथै, कलेजोले रक्सी पचाइरहँदा एसिटाल्डिहाइड (Acetaldehyde) नामक विषाक्त रसायन बन्ने भएकाले भोलिपल्ट ह्याङ्गओभर भएर टाउको दुख्ने, वाकवाकी लाग्ने र आलस्य हुने हुन्छ ।

रक्सीले दिने खुसी क्षणिक र कृत्रिम मात्र हो । परिवारसँग बसेर खुलेर हाँसो-मजाक गर्ने, पुराना मीठा स्मृतिहरू साटासाट गर्ने, रमाइलो खेल खेल्ने र सङ्गीतको आनन्द लिने गर्दा प्राकृतिक रूपमै मस्तिष्कमा 'ह्याप्पी हर्मोन' उत्पादन हुन्छन् ।

हाम्रा वरपर धेरै मानिसहरू र अधिकांश परिवारहरूले कुनै पनि मादक पदार्थ नपिईकन नै चाडपर्वहरू अत्यन्तै रमाइलो र उल्लासका साथ मनाइरहेका हुन्छन् । मादक पदार्थ सेवन नगर्दा दुर्घटनाको जोखिम बढ्ने समस्या हुँदैन । निर्णय गर्ने क्षमता कमजोर पनि हुँदैन । साथै, यसले रक्सीका कारण उत्पन्न हुन सक्ने पारिवारिक मनमुटावको सम्भावना पनि घटाउँछ ।

मादक पदार्थ सेवन नगर्दा रक्सीका कारण निर्णय गर्ने क्षमता कमजोर हुने र दुर्घटना हुने जोखिम कम हुन्छ । यसले पारिवारिक मनमुटावको सम्भावना घटाउन पनि मद्दत गर्छ ।

यसपटकको दसैं-तिहारमा रक्सीको लत वा कृत्रिम खुसीभन्दा प्राकृतिक रूपमा रमाइलो गर्ने बाटो रोजौं– "नपिए पनि पूर्ण रूपमा रमाइलो गर्न सकिन्छ" भन्ने सुन्दर संस्कृतिलाई अपनाउँदै स्वस्थ र सुरक्षित रहेर उत्सव मनाऔं । यसले नयाँ पुस्तालाई समेत स्वस्थ र अनुशासित जीवनशैली अपनाउन ठुलो प्रेरणा दिन्छ । अन्तमा चाडपर्व सम्झना बनोस्, शोक होइन ! रक्सीको खुसी क्षणिक होः सुरुआतमा डोपामाइन बढेर खुसी लागे पनि अत्यधिक सेवनले मस्तिष्क र शरीरको प्राकृतिक सन्तुलन पूर्ण रूपमा बिग्राइदिन्छ । रक्सी नै खुसीको मापदण्ड होइनः परिवार र साथीभाइसँगको आत्मीयता, मीठो खाना र हाँसो-मजाक नै पर्वको वास्तविक रमाइलो हो ।

जिम्मेवार बनौं: यदि कसैले रक्सी सेवन गर्छ भने पनि निश्चित सीमामा रहोस् । मात्तिएको मानिसलाई कहिल्यै सवारी चलाउन नदिऔं ।

स्वास्थ्यको रक्षा गरौं: गुणस्तरहीन रक्सीबाट बचौं र कलेजो तथा मुटुको सुरक्षा गरौं ।

यसपालिको चाडपर्वमा आफू पनि बचौं, अरूलाई पनि बचाऔं । सुरक्षित, संयमित र स्वस्थ भएर दसैं-तिहार मनाऔं !

विजयादशमी, नेपाल संवत्, तिहार र छठ पर्वको उपलक्ष्यमा यहाँहरू सबैमा हार्दिक मङ्गलमय शुभकामना !

# करण केसी चम्किँदा ओमानमाथि नेपालको दबदबापूर्ण जित

❐ कांक्रेविहार संवाददाता

काठमाडौं, २७ असोज

आईसीसी विश्वकप लिग २ अन्तर्गत नेपालले ओमानमाथि सहज जित निकालेको छ।

भर्खरै सम्पन्न खेलमा नेपालले ओमानलाई ११३ रनले हराएको हो। नेपालले दिएको २६४ रनको लक्ष्य पछ्याएको घरेलु टोली ३९.६ ओभरमा १५० रनमै अलआउट भयो।

कप्तान विनायक शुक्लाले ७७ रनको तारिफयोग्य इनिङ्स खेलेपनि टोलीलाई माथि उकास्न सकेनन्। यस्तै, जय ओडेद्राले २५ तथा जतिन्दर सिंहले १८ रन बनाए।

ओमानलाई सस्तैमा समेट्न नेपालका सन्दीप लामिछाने र नन्दन यादवले तीन-तीन विकेट लिए। यस्तै, दीपेन्द्र सिंह



ऐरीले दुई तथा करण केसी र ललित राजवंशीले एक-एक सफलता हात पारे।

त्यसअघि टस जितेर पहिले ब्याटिङ थालेको नेपालले ५० ओभरमा ९ विकेट गुमाएर २६३ रन जोड्यो। रोहित पौडेलले अर्धशतकीय इनिङ्स खेले। उनले ६७ बलमा ६१ रन बनाए। करण केसीले आक्रामक ब्याटिङ गर्दै नेपालको योगफल उकासे। केसीले मात्र १६ बलमा ४० रन जोडे। उनको ब्याटबाट ४ छक्का र १ चौका निस्कियो।

यस्तै, अर्जुन कुमालले ४०, ईशान पाण्डे र बसिर अहमदले ३७-३७ तथा दीपेन्द्र सिंह ऐरीले २२ रन जोडे।

बलिङतर्फ ओमानका शकिल अहमद, करण सोनाभेल र शाह फैसलले दुई-दुई विकेट लिए। हसनइन शाहले एक सफलता हात पारे। यो सर्कलअन्तर्गत यसअघिको खेलमा नेपालले क्यानडालाई २४ रनले हराएको थियो।

## अपांगता...

भएको जनसंख्यामध्ये १०.२ प्रतिशत २-१७ वर्ष उमेर समूहका छन्।

नेत्रहीन युवा संघको निर्ष्कर्षअनुसार अपांगता भएका बालबालिकाहरु विद्यालयमा जाँदा तल्लो तहमा भर्नादर बढी देखिएपनि माथिल्लो तहमा जाँदै गर्दा भर्दादर घट्ने गरेको छ। अपांगता भएका बालबालिकाहरुको सबै प्रकारका सेवासुविधामा पहुँच पुग्न नसकेको संस्थाको निश्कर्ष छ। कमजोर जवाफदेहिता, अनुगमन र अन्तरसरकारी समन्वयका कारण अपांगता भएका बालबालिकाहरु बहिष्करणमा परेको संस्थाको निश्कर्ष छ। अपांगता भएका बालबालिकाहरुको अर्थपूर्ण सहभागिताका लागि पहुँचयुक्त सञ्चार, उचित समायोजन तथा सहयोगमा आधारित निर्णय प्रक्रिया आवश्यक हुने भएकाले यसतर्फ विशेष ध्यान दिन कर्णाली प्रदेश सरकारलाई संस्थाले सुझाव दिएको छ।

कर्णालीको हकमा भौगोलिक कठिनाईका कारण अपांगता भएका व्यक्तिलाई समानरुपम सेवासुविधा पुग्न नसकेको नेपाल नेत्रहीन युवा संघका सल्लाहकार कलाधर भण्डारीले बताए।

सरकारले सामाजिक सुरक्षाका क्षेत्रमा अपांगता भएकाहरुलाई विशेष रुपमा समावेश गरेको भएपनि त्यो नै पर्याप्त भने नरहेको उनले बताए। "सरकारले आफूसँग भएको सिमित स्रोतसाधनका बावजुद पनि अपांगता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षामा समावेश गरेको छ, तर यतिले मात्र नपुग्ने भएकाले पहुँचयोग्य वातावरण निर्माण गर्नु आवश्यक छ।" भण्डारीले भने।

छरिएको जनसंख्या, यातायातमा कठिनाइ, समुदायमा सचेतनाको कमी, पहुँचयुक्त पूर्वाधार अभाव, तथ्याङ्क व्यवस्थापन तथा समन्वयको अभाव जस्ता कारणले कर्णालीमा अपांगता भएका व्यक्तिहरुले पूर्णरुपमा आफ्नो अधिकार प्राप्त गर्न नसकेको सामाजिक विकास मन्त्रालयका उपसचिव सुवर्ण खड्काले बताए। विगतदेखि हालसम्मका प्रदेश सरकारका नीति तथा कार्यक्रमहरुमा अपांगताको क्षेत्रलाई विशेष रुपमा समावेश गरिएको उनले बताए। यद्यपि विविध कारणले नीति तथा कार्यक्रमहरुमा समावेश गरिएका सबै विषयहरुको पूर्ण कार्यान्वयन भने हुन नसकेको उनले स्वीकार गरे।

उपसचिव खड्काले आगामी दिनमा प्रदेशस्तरीय अपांगता प्रोफाईल निर्माण, पहुँचयोग्य पूर्वाधारको विकास, समावेशी शिक्षा, प्रारम्भिक पहिचान तथा स्वास्थ्य सेवा, सहायक सामग्री र पुनर्स्थापना सेवा, सामाजिक सुरक्षा तथा संरक्षण, लगानी वृद्धि तथा संस्थागत समन्वयमा सरकार कटिबद्ध भएर लाग्ने आश्वासन दिए।

सामाजिक विकास मन्त्री जीतबहादुर मल्लले प्रदेशको अपांगता नीति बनाउने कोशिस सरकारले गरिरहेको बताए। उनले अपांगताको वर्गीकरणमा समस्या हुँदा कुन वर्गको व्यक्तिलाई प्रदेश सरकारले कस्तो खालको सुविधा उपलब्ध गराउने भन्ने अन्योलता रहेकोले यसका लागि सम्बन्धित क्षेत्रका संघसंस्थाहरुसँग सहकार्य गरी यकिन गरिने बताए।

# दशैं मनाउन गाउँ फर्किनेको चहलपहल बढ्यो

❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २७ असोज

बडादशैंको आगमनसँगै राजधानी काठमाडौं छाडेर गाउँ फर्किनेको चहलपहल बढेको छ।

दशैं मनाउन आफ्नो घर जाने यात्रु बढेसँगै कलंकीलगायत उपत्यकाका विभिन्न नाकामा यात्रु तथा सार्वजनिक सवारीसाधनको चाप देखिन थालेको छ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार असोज २५ र २६ गते दुई दिनमा मात्रै एक लाख नौ हजार ६३६ जना यात्रुले उपत्यका छाडेका छन्। बाहिरिनेमा ६७ हजार ६९० पुरुष र ४१ हजार ९४६ महिला रहेका छन् ।

प्रहरीको तथ्यांकअनुसार असोज २५ गते ५२ हजार ८२७ जना र २६ गते ५६ हजार ८०९ जना यात्रु उपत्यकाबाट बाहिरिएका थिए। असोज २७ गतेको तथ्यांक भने सार्वजनिक भइसकेको छैन।

दशैं मनाउन राजधानीमा अध्ययन, रोजगारी तथा विभिन्न पेसा-व्यवसायमा संलग्न मानिसहरू गाउँ फर्किन थालेपछि कलंकी क्षेत्रमा पनि घर जाने यात्रुको चहलपहल बढेको छ। यात्रुहरू परिवार तथा आफन्तसँग चाडपर्व मनाउन आवश्यक सामानसहित गन्तव्यतर्फ लागिरहेका छन्।

उपत्यकाबाट बाहिरिने यात्रुको चाप नागढुंगा-थानकोट, साँगा र दक्षिणकालीलगायतका नाकामा बढेको छ। पछिल्लो तथ्यांकअनुसार सबैभन्दा बढी नागढुंगा नाकाबाट २७ हजार ६४९ र भक्तपुर नाकाबाट २० हजार ६१५ जना यात्रु बाहिरिएका छन्।

यात्रुको चाप बढेसँगै ट्राफिक प्रहरीले उपत्यकाका विभिन्न स्थानमा यात्रु सहायता कक्ष सञ्चालन गरी टिकटमा हुने कालोबजारी, ठगी तथा यात्रुका गुनासो सम्बोधन गरिरहेको जनाएको छ।

प्रहरीले यात्रुलाई टिकट काटेर मात्र यात्रा गर्न, तोकिएको भाडा तिर्न र यात्रा गर्नुअघि सवारीसाधनको अवस्था बुझ्न आग्रह गरेको छ।

# गाउँपालिकामा आगलागी घटना: स्वास्थ्य शाखा प्रमुखसहित दुई जना कारागार चलान

❒ **काँक्रेविहार संवाददाता**
हुम्ला, २७ असोज



गत भदौ ७ मध्यराति जिल्लाको दक्षिणी क्षेत्रको ताजाँकोट गाउँपालिकाको केन्द्रमा रहेको कार्यालयमा आगलागी गराएको आशंकामा पक्राउ परेका दुई जनालाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ। प्रहरीले अनुसन्धानका क्रममा आगलागी गर्ने कार्यमा संलग्नता देखिएपछि दुवै जनालाई पुर्पक्षका लागि कारागार चलान गरिएको हो।

जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायव उपरीक्षक शंकर खडकाले आगलागी घटनाको अनुसन्धानका क्रममा प्रहरीले नियन्त्रणमा लिएका कृष्णचन्द्र जैसी र ताजाँकोट गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख धनराज ढकाललाई पुर्पक्षका लागि कारागार चलान गरिएको बताए। यसअघि अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएका दुवै जनाले गाउँपालिकाको कार्यालयमा आफूहरूले आगलागी गरेको स्वीकार गरेको प्रहरीका दाबी छ। आगलागीबाट जिन्सी शाखा, लेखाको जिन्सी शाखा र प्रशासन शाखामा पूर्ण रूपमा क्षति पुगेको थियो। आगलागीबाट आर्थिक वर्ष २०७३/०७४ देखि आव ०८२/०८३ सम्मका सम्पूर्ण लेखा लगायत विभिन्न शाखाका कागजात जलेर नष्ट भएका थिए। घटनाको अनुसन्धानका लागि प्रहरी निरीक्षक युवराज ढकालको संयोजकत्वमा अनुसन्धान टोली गठन गरी स्थलत परिचालन गरिएको थियो।

## अपांगता...

दसैं जिल्लामा अहिले कर्णालीलाई असाध्यै महत्त्वपूर्ण रूपले हेरिएको अल्लोको विषयमा मेरो ध्यान छ,' उनले अगाडि भनिन्, 'दसैं जिल्लामा कम्तीमा प्रशोधन केन्द्र राख्न पाएको भए भन्ने छ। त्यो भयो भने धेरै मान्छेहरूलाई आत्मनिर्भर बनाउन सकिन्थ्यो भन्ने हो।'

यत्ति योजना सुनाइसकेपछि उनले भनिन्, 'यो भन्दा बढी मैले अहिले तपाईंहरूको बीचमा अरू केही प्रतिबद्धता गरिन् ।'उनले सुरुमा राजनीतिमा लाग्दाखेरि आफ्नो प्राथमिकता, काम, कर्तव्य र अधिकारको विषयमा स्पष्ट रहेको बताइन्।

Government of Nepal
Ministry of Infrastructure Development
**Department of Road**
Federal Road Supervision & Monitoring Office
**Bridge Sector No. 5, Surkhet**

## Invitation for Bids

**Invitation for Bids (IFB) No: TNN-01/083/84**
**Date of publication: 2083/06/28 BS (2026/10/14 AD)**

1. The Government of Nepal (GoN) has allocated funds to Bridge Sector No. 5, Surkhet and intends to apply part of the funds to cover eligible payments under the following contracts.
2. Bridge Sector No. 5, Surkhet invites sealed bids (Hard Copy) from eligible Nepalese bidders for the procurement of the following works under National Competitive Bidding (NCB), Single-Stage: Single-Envelope Bidding Procedure with Qualification Requirement.
3. Bidding shall be conducted in accordance with the provisions of the Public Procurement Act, 2063, Public Procurement Rules, 2064, and the applicable Standard Bidding Document (SBD).
4. Only eligible bidders meeting the qualification requirements specified in the Bidding Document shall be eligible to participate in the bidding process:

| S. No. | Work Description/ Contract Identification No | Estimate Amount Including PS, Excluding VAT, NRs. | Bid Security Amount, NRs. | Bid Document Fee, NRs. | Minimum Work experience of similar size and nature |
|---|---|---|---|---|---|
| 1 | Contract No.: BSSKT/337011324/083/84-01; Bridge Maintenance and Safety Upgradation work along Chhinchu-Jajarkot Road (NH57) and Surkhet-Dailekh Road (NH60). | 1,56,72,835.80 | 465,000.00 | 3,000.00 | The Bidders must have successfully or substantially completed at least one Slab Culvert/Box Culvert/Bridge construction or Bridge maintenance works or Road safety works. |
| 2 | Contract No.: BSSKT/337011324/083/84-02; Bridge Maintenance and Safety Upgradation work along Karnali Highway (NH58). | 1,72,61,624.13 | 510,000.00 | 3,000.00 | |

5. The schedule for the pre-bid meeting, submission and opening of bids is as follows:

| Pre-Bid Meeting Date | Last Date and Time of Bid Purchase | Last Date and Time of Submission of Bids | Date and Time of Bid opening | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|
| 26 October 2026 (2083/07/09) 1:00 Hrs. | 03 November 2026 (2083/07/17) upto office hours. | 04 November 2026 (2083/07/18) 12:00 Hrs. | 04 November 2026 (2083/07/18) 13:00 Hrs. | 90 days Counting from the Day of Bid Opening. | Minimum 30 Days beyond Bid Validity period. |

6. A complete set of the Bidding Documents may be obtained from the office of Bridge Sector No. 5, Surkhet by eligible bidders upon submission of a written application along with a copy of the Company/Firm Registration Certificate and payment of the non-refundable fee specified above, within the stipulated period. Bidders may submit their bids within the specified deadline. The cost of the Bidding Documents shall be deposited into the following Project Revenue Account:

| Information to deposit the cost of Bidding Documents in Bank | Information for the Cash Deposit the Bid Security Amount |
|---|---|
| Name of Bank: Nepal Bank Limited, Surkhet Branch | Name of Bank: Rastriya Banijya Bank, Surkhet Branch |
| Name of Office: Bridge Sector No. 5, Surkhet | Name of Office: Bridge Sector No. 5, Surkhet |
| Office Code no.: 337016804 | Office Code no.: 337016804 |
| Office Account no.: 1000100200010000 | Office Account no.: 4080100102030000 (Ko.Le.Ni.Ka.) |
| Rajaswa (revenue) Shirshak no.: 14229 | |

To obtain for further information for bid documents may visit our website for https://dor.gov.np/bs-surkhet

**Acting Project Manager**

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, बचतकर्ता, ऋणी सदस्य, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी, सल्लाहकार तथा सम्पूर्ण शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
सहकार्य, एकता, विश्वास र पारस्परिक सहयोग सहकारीका आधारभूत मूल्य हुन्। यी पर्वहरूले आपसी सद्भाव, भाइचारा, सामाजिक एकता र सहयोगको भावनालाई थप सुदृढ बनाउँदै आर्थिक आत्मनिर्भरता, सामूहिक समृद्धि तथा दिगो विकासको यात्रामा अघि बढ्न सबैलाई प्रेरणा प्रदान गरून् भन्ने कामना गर्दछौं।
मिलन श्रेष्ठ
सचिव
पूर्णबहादुर नेपाली
अध्यक्ष
सुर्खेत बहुउद्देश्यीय सहकारी संस्था लि.
वीरेन्द्रनगर-६, सुर्खेत परिवार



सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# भेडा...

आपूर्ति गर्न नसकिएको उनीहरुको भनाइ छ। हुम्लाका च्याङ्ग्रा व्यापारी ग्वामसिंह भण्डारीका अनुसार कोरोना महामारीअघि हिल्सा नाकाबाट च्याङ्ग्रा जिल्लामा भित्रिने गरेका थिए। 'अहिले चीनमै च्याङ्ग्राको मूल्य बढेको छ। त्यहाँ २० हजार रुपैयाँभन्दा कममा पाइँदैन,' उनले भने, 'यता ल्याएपछि घाटामा बेच्नुपर्ने अवस्था आउने भएकाले च्याङ्ग्रा ल्याउनै छाडिएको छ।'

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार कर्णालीका हिमाली जिल्लामा झन्डै दुई लाख आठ हजार च्याङ्ग्रा पालिएका छन्। तर, जिल्लामै उत्पादन भएका च्याङ्ग्राको संख्या, दशैँमा बिक्री हुने परिमाण र बाहिरी बजारमा पठाइने संख्याको विवरण भने उपलब्ध छैन। कर्णालीमा च्याङ्ग्रा अभाव देखिए पनि दशैँमा भेडाको व्यापार भने स्थानीय बजारको प्रमुख आधार बनेको छ। मासु व्यवसायी संघ सुर्खेतका अध्यक्ष टोपेन्द्र शाहीका अनुसार तिब्बतबाट च्याङ्ग्रा आउन छाडेपछि कर्णालीका हिमाली जिल्लामा उत्पादित भेडा र च्याङ्ग्रा दशैँका लागि सुर्खेत झर्ने क्रम बढेको छ। कर्णालीका विभिन्न जिल्लासँगै बाजुरा र अछामबाट समेत भेडा, च्याङ्ग्रा तथा खसीबोका वीरेन्द्रनगर आउने गरेका छन्। शाहीले सुर्खेतबाट खसी बोका विशेष गरी काठमाडौं पोखरा निर्यात भइरहेको बताए। 'विभिन्न जिल्लाबाट च्याङ्ग्रा र भेडा आएकाले दशैंमा मासुको अभाव नहोला, उनले भने।'

दशैँको समयमा वीरेन्द्रनगरमा दैनिक ४० देखि ५० वटासम्म खसी काटिने गरेको उनको भनाइ छ। शाहीका अनुसार दशैँमा मासुको खपत बढे पनि घरघरमै खसी काट्ने र बलि दिने चलनका कारण पसलबाट काटेर मासु बिक्री गर्ने व्यवसाय भने सामान्य समयको तुलनामा करिब ५० प्रतिशत घट्ने गरेको छ।

'दशैँको बेला मानिसहरु घरमै खसी काट्ने, बलि दिने र परिवारसँग रमाइलो गर्ने भएकाले मासुको खपत बढ्छ, तर पसलबाट काटेर बेच्ने कारोबार कम हुन्छ,' उनले भने। उनका अनुसार दशैँमा खसी खरिद गर्ने मूल्य केही बढे पनि मासुको बिक्री मूल्य भने तत्काल बढाइएको छैन। 'चाडपर्वमा मासुको मूल्य बढाउनुपरे जिल्ला प्रशासनको अनुमति लिएर व्यवसायीबीच छलफल गरेर मात्रै बढाउने हो, अहिले पुरानै मूल्यमा बिक्री भइरहेको छ,' उनले भने। शाहीले अछाम, बाजुरा, कालिकोट, जुम्ला, हुम्ला, सुर्खेत, दैलेख र जाजरकोटबाट खसीबोका खरिद हुने गरेको जानकारी दिए। घरघरमा पुगेर बिक्री हुने भेडा तथा च्याङ्ग्राको कारोबारको भने एकीकृत तथ्यांक नरहेको उनको भनाइ छ। यसैबीच, यस वर्ष खाद्य व्यवस्था तथा व्यापार कम्पनीले पनि दशैँमा खसीबोका र च्याङ्ग्रा बिक्री नगर्ने भएको छ।

कम्पनीले विगतका वर्षमा बजार मूल्य नियन्त्रण गर्ने उद्देश्यले सहुलियत दरमा खसीबोका तथा च्याङ्ग्रा बिक्री गर्दै आएको थियो। तर, लगातार घाटा बेहोर्नुपरेको र सडक अवरोधका कारण ढुवानीमा जोखिम बढेको भन्दै यस वर्ष खरिदबिक्री कार्यक्रम नै नराखिएको कम्पनीका सूचना अधिकारी माधव मिश्रले बताए।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/२८**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, दैलेख (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री पूर्णबहादुर खड्का** धनी रहेको, **दर्ता नम्बर** ५६४/०५९/०६० बाट **नारायण न.पा.-८, दैलेख**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री न्यू खड्का फोटो स्टुडियो** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, दैलेख समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/२८**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री प्रेमबहादुर श्रीस** धनी रहेको, **दर्ता नम्बर** ९४३/०६४/०६५ बाट **वीरेन्द्रनगर-६, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री शितल डेरी उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, उद्यमी, लगानीकर्ता, उपभोक्ता तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
हर्षविक्रम खड्का
अध्यक्ष
सुर्खेत उद्योग वाणिज्य संघ
वीरेन्द्रनगर, सुर्खेत परिवार

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, उद्योगी, व्यवसायी, उद्यमी, तथा हितैसी मित्रहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
बजाज मोटरसाइकलको आधिकारीक बिक्रेता ।
प्रो. लक्ष्मण कँडेल
असिम अटो पार्ट्स
वीरेन्द्रनगर, सुर्खेत परिवार

## वीरेन्द्रनगर नगरपालिका कार्यालय, सुर्खेतको नक्सा पासको लागि संधियारका नाउँमा जारी १५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/२८**

यस वीरन्द्रनगर नगरपालिका टोल/स्थान कुन्दि वडा न. १० मा अवस्थित साविक गा.पा./न.पा. वडा न. लाटिकोइली ३ ख कित्ता न. ९७४१ जग्गाको क्षेत्रफल १३६.५ ब.मी. मा भवन निर्माण गर्ने घरधनी श्री मोहन बहादुर बुढाले यस नगरपालिकामा पेश गरेको नक्सा बमोजिमको भवन निर्माण गर्न निवेदन पेश गरेकोमा, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३१ (क) बमोजिम तपाईं संधियारहरुको नाममा यो सूचना जारी गरिएको छ।

निवेदन साथ पेश हुन आएका कागजातहरु र नक्साको आधारमा निर्माण स्वीकृति दिंदा तपाईंको जग्गा लगायत सार्वजनिक स्थलको हानी नोक्सानी हुन्छ, हुँदैन भनेर यो सूचना जारी गरिएको हो। यदि प्रस्तावित भवन निर्माणले तपाईलाई हानी नोक्सानी हुने भए यो सूचना जारी भएको मितिले १५ दिनभित्र प्रमाणसहित नगरपालिकामा उजुर गर्न सूचित गरिन्छ। साथै म्याद नाघी उजुरी दिएमा नगरपालिकाले कुनै कारबाही नगर्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल:**

| | |
|---|---|
| **पूर्व कि.नं.**: ९७३२ | **जग्गाधनी** : हरिबहादुर उपाध्याय |
| **पश्चिम कि.नं.**: | **जग्गाधनी** : सडक |
| **उत्तर कि.नं.** : ३८२ | **जग्गाधनी** : दिपकुमारी रोकाय |
| **दक्षिण कि.नं.** : ९७३९ | **जग्गाधनी** : सरस्वती भेदी |

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, उद्यमी, लगानीकर्ता, उपभोक्ता तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
धनबहादुर रावत
अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ
कर्णाली प्रदेश, सुर्खेत परिवार

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
यी पर्वहरूले आपसी सद्भाव, भाइचारा, प्रेम, सहिष्णुता र सामाजिक एकतालाई थप सुदृढ बनाउँदै ज्ञान, विवेक, सकारात्मक सोच र मानवीय मूल्यको विकास गर्न प्रेरणा प्रदान गरून्। चाडपर्वले सबैको जीवनमा नयाँ उत्साह, उमङ्ग र खुसी ल्याउँदै शैक्षिक उन्नति तथा उज्ज्वल भविष्य निर्माणका लागि प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछौं।
गणेश कुमार बस्नेत
सञ्चालक समिति अध्यक्ष
सुर्खेत होराईजन एकेडेमी
वीरेन्द्रनगर-३, गण्डकी लाइन, सुर्खेत परिवार

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/२८**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री जितेन्द्र बि.सी.** धनी रहेको, **दर्ता नम्बर** ३३४१/०७३/०७४ बाट **चिङ्गाड-४, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री गाउँले बाख्रा फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा कर्णालीवासीका साथै सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
देउती अस्पताल प्रा.लि.
वीरेन्द्रनगर-६, बुद्धपथ सुर्खेत परिवार
फोन नं. ०८३-५२०५२८
०८३-५२४२८१

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा कर्णालीवासीका साथै सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
सेवाहरु
- विशेषज्ञ चिकित्सकिय परामर्श
- प्रयोगशाला परीक्षण
- ECG/ECHO तथा अन्य डायग्नोस्टिक सेवा
- सबै उमेर समूहका लागि समग्र स्वास्थ्य सेवा
कांक्रेविहार विशेषज्ञ पोलिक्लिनिक एण्ड डाग्नोष्टिक सेन्टर
वीरेन्द्रनगर-६, मंगलगढीचोक, सुर्खेत परिवार
फोन नं. ०८३-५९११९९

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा कर्णालीवासीका साथै सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
सेवाहरु
- २४ सै घण्टा आकस्मिक (इमर्जेन्सी) सेवाः दक्ष चिकित्सक तथा नर्सिङ स्टाफद्वारा।
- विशेषज्ञ सेवाः विशेषज्ञ चिकित्सकहरूद्वारा दैनिक बिरामी जाँच (OPD)।
- डिजिटल एक्स-रे सेवा।
- रङ्गीन भिडियो एक्स-रे (कलर डप्लर) सेवा।
- १२ च्यानल ई.सी.जी. (ECG) सेवाः स्वचालित रिपोर्टिङ प्रणालीसहित।
- इकोकार्डियोग्राफीः मुटुको भिडियो एक्स-रे सेवा।
- अत्याधुनिक प्रयोगशाला (Lab) सेवा।
- शल्यक्रिया सेवाः सामान्य तथा जटिल प्रकृतिका सबै प्रकारका अपरेसनहरू। दूरबिन प्रविधिः दूरबिनद्वारा पित्तथैलीको सफल अपरेसन सेवा।
- हाडजोर्नी तथा नसा रोग सेवाः विशेषज्ञ सर्जनद्वारा जोर्नी फेर्ने, मेरुदण्डको उपचार तथा C-ARM मेसिनद्वारा हाडजोर्नी सम्बन्धी सम्पूर्ण अपरेसन।
- स्त्री तथा प्रसूति रोग सेवाः महिला रोग सम्बन्धी सम्पूर्ण उपचार तथा शल्यक्रिया।
- भर्ना सुविधाः ए.सी. (AC) जडित क्याबिनहरू, डिलक्स वार्ड तथा डिलक्स क्याबिनको व्यवस्था।
- २४ सै घण्टा एम्बुलेन्स सेवा।
- २४ सै घण्टा फार्मेसी (औषधि पसल) सेवा।
- पर्याप्त पार्किङको सुविधा।
- व्यवस्थित तथा सुविधासम्पन्न बिरामी वार्ड क्याबिनहरू।
सुर्खेत हस्पिटल प्रा.लि.
वीरेन्द्रनगर-३, जुम्लारोड, सुर्खेत
फोन नं. ०८३-५२५४१७

कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)